ROPES & GRAY

# यौन पर्यटन र यौनका लागि बेचबिखनका नाबालिग पीडितहरूका लागि अमेरिकाको कानूनी उपचारहरू



संयुक्त राज्य अमेरिकाको कंग्रेसले सन् २००३ मा यौन पर्यटन र बालबालिकाको यौन दुरूपयोगसँग लड्न एउटा कानून पारित गऱ्यो । कंग्रेसले यो कानूनलाई वर्तमान बालबालिकामाथिको शोषण अन्त्यका लागि अभियोजनीय उपचार र अन्य उपायहरू (प्रोटेक्ट) ऐन[1] नामाकरण गऱ्यो । प्रोटेक्ट ऐन अन्तर्गत, संयुक्त राज्य अमेरिकाको कुनै पनि नागरिक वा कानूनसम्मत स्थायी बासिन्दाले नागरिक वा कानूनसम्मित स्थायी बासिन्दाले विश्वमा कही पनि बालबालिकामाथि यौन दुरूपयोग वा शोषण गरेमा संयुक्त राज्य अमेरिकी संघीय अदालतहरूमा निजलाई जिम्मेवार बनाउन सकिनेछ ।


## अनुचित यौनजन्य व्यवहारमा संलग्न हुने मनसायले भ्रमण गर्नु (18 U.S.C. § 2423(b))

यो कानूनले निम्न कार्यलाई फौजदारी कसूर बनाएको छः

- **संयुक्त राज्य अमेरिकाको नागरिक वा ग्रीनकार्डधारीका लागि** १८ वर्षभन्दा कम उमेरका जोसुकैलाई जबरजस्ती करणी गर्ने, यौन उत्पीडन गर्ने वा वेश्यावृत्तिमा संलग्न रहने प्रयोजनका लागि विदेश भ्रमण गर्नु ।
- कुनै पनि व्यक्तिका लागि १८ वर्षभन्दा कम उमेरका जोसुकैलाई जबरजस्ती करणी गर्ने, यौन उत्पीडन गर्ने वा वेश्यावृत्तिमा संलग्न रहने प्रयोजनका लागि **संयुक्त राज्य अमेरिका वा संयुक्त राज्य अमेरिकाभित्रका राज्यहरूमा भ्रमण गर्नु** ।



[1] Pub. L. 108–21, 117 Stat. 650 (2003).





## विदेशमा अनुचित यौनजन्य व्यवहारमा संलग्न हुने (18 U.S.C. § 2423(c))

यो कानूनले निम्न कार्यलाई फौजदारी कसूर बनाएको छ :

- विदेशी राष्ट्रमा अस्थायी वा स्थायी रूपमा व्यापार गर्न वा बसोबास गर्न भ्रमण गर्ने संयुक्त राज्य अमेरिकाको नागरिक वा ग्रीनकार्डधारीका लागि
- १८ वर्षभन्दा मुनिका जोसुकैसँग जबरजस्ती करणी, यौन उत्पीडन वा वेश्यावृत्तिमा संलग्न भएमा[2]

कानूनको प्रत्येक उल्लंघनमा प्रतिवादीहरूले तीस वर्षसम्मको फौजदारी सजायको सामना गर्नु पर्ने हुन सक्छ ।

यसका अतिरिक्त प्रोटेक्ट ऐनले पीडितहरूलाई क्षतिका सम्बन्धमा देवानी मुद्दा गरी व्यक्तिगत कारवाही चलाउन सक्ने अधिकार दिएको छ ।

## व्यक्तिगत कारवाही चलाउन सक्ने (18 U.S.C. § 2255(a))

कानूनले बेचबिखन हुँदा, पोर्नोग्राफीमा पीडित हुँदा वा अन्तर्राज्य भ्रमण वा यौन पर्यटनमा संलग्न रहेको कुनै व्यक्तिद्वारा यौन दुर्व्यवहार हुँदाका बखत १८ वर्षभन्दा कम उमेर भएका र घाइते भएका कुनै पनि व्यक्तिलाई देहाय बमोजिम गर्ने अनुमति दिएको छ :

- संयुक्त राज्य अमेरिकाको संघीय जिल्ला अदालतमा देवानी मुद्दा दायर गर्ने ।
- पीडितले भोगेको वास्तविक क्षति वा वैधानिक क्षतिमा १५०,००० डलर असूल गर्ने ।
- मनासिब कानून व्यवसायीको खर्च र अन्य मुद्दासम्बन्धी खर्च असूल गर्ने ।
- दण्डात्मक क्षति र अन्य प्रकारको सहायता प्राप्त गर्ने ।

प्रोटेक्ट ऐन संयुक्त राज्य अमेरिकी नागरिकहरूलाई विश्वभर २४ देशहरूमा बालबालिकामाथि यौन दुरूपयोगका लागि जिम्मेवार बनाउन प्रयोग भएको छ । यीमध्ये धेरै जसो मुद्दाहरू कम्बोडिया, हाइटी, फिलिपिन्स र थाइल्याण्डमा घटित भएका छन् ।[3] यी मुद्दाहरूमा संघीय फौजदारी अभियोजन समाविष्ट भएको छ र पीडितहरूबाट न्यून संख्यामा संघीय देवानी कानून अन्तर्गतका मुद्दाहरू दायर भएका छन् ।

यस अभ्यास दिग्दर्शनले प्रोटेक्ट ऐन अन्तर्गतको फौजदारी र देवानी दायित्वमाथि प्रकाश पार्दछ ।[4] दिग्दर्शनले प्राय सोधिने प्रश्नहरूलाई सम्बोधन गरेर प्रोटेक्ट ऐनका फौजदारी तथा देवानी मुद्दाहरूको बारेमा उदाहरण प्रस्तुत गरेको छ । *यो दिग्दर्शनले कानूनी परामर्श प्रदान गर्ने मनसाय राखेको छैन र सो प्रयोजनका लागि यस्को प्रयोग गरिनुहुन्न । विशिष्ट कानूनी मामिलाहरूको प्रश्नहरूको बारेमा कृपया कानून व्यवसायीसँग परामर्श लिनुहोला ।*

[2] In 2013, Congress amended 18 U.S.C. § 2423(c) to include “or resides, either temporarily or permanently, in a foreign country”. Pub. L. 113–4, title XII, § 1211(b), Mar. 7, 2013, 127 Stat. 142.
[3] See Appendices A, B, and C.
[4] This Practice Guide focuses specifically on criminal and civil liability for U.S. citizens and permanent residents who have sexually abused minors abroad. Several countries have established extraterritorial jurisdiction over their citizens who sexually abuse and exploit children abroad. These countries include Australia, Canada, Denmark, France, Italy, Japan, the Netherlands, New Zealand, Spain, Sweden, and the United Kingdom. For more on extraterritorial jurisdiction for child sexual exploitation, see ECPAT International, Hawke, Angela and Raphael, Alison, Offenders on the Move: Global Study on Sexual Exploitation of Children in Travel and Tourism 2016 (May 2016).

## १. प्रोटेक्ट ऐन अन्तर्गत फौजदारी अभियोजन

संघीय अभियोजनकर्ताहरूले जुन २०१८ सम्ममा विदेशमा बालबालिकालाई यौन दुर्व्यवहार गरिएका वा सोको उद्योग गरिएका कम्तीमा ६८ फौजदारी मुद्दाहरूलाई प्रोटेक्ट ऐन अन्तर्गत दायर गरेका छन् ।[5] प्रतिवादीहरूमा मिशिनरीहरू, पादरीहरू, शिक्षाविद्हरू, अनाथालयका कर्मचारीहरू, संयुक्त राज्य अमेरिकी सरकारका कर्मचारीहरू, संयुक्त राज्य अमेरिकी सरकारसँग सम्बन्धित ठेकेदारहरू, चिकित्सकहरू, पिसकोर स्वयंसेवीहरू र गैरसरकारी संस्थाका कर्मचारीहरू छन् । पर्यटकका रूपमा भ्रमण गर्ने अन्य संयुक्त राज्य अमेरिकाका नागरिक र कानूनसम्मत स्थायी वासिन्दाहरूलेसमेत प्रोटेक्ट ऐन अन्तर्गत बालबालिकामाथि दुर्व्यवहारको अभियोजन सामना गरेका छन् ।

### फौजदारी सजायहरू के के हुन् ?

संयुक्त राज्य अमेरिकाका नागरिक र कानूनसम्मत स्थायी वासिन्दाले विदेशी राष्ट्रमा बालबालिकामाथि यौन दुर्व्यवहार गरेको वा शोषण गरेको पाइएमा निजलाई प्रत्येक कसूरका लागि बढीमा ३० वर्षको जेल सजाय हुनसक्छ । संघीय अदालतले प्रतिवादीलाई सरकारलाई जरिवाना तिर्न र/वा पीडितलाई फौजदारी पुनर्व्यवस्थापन (क्षतिपूर्ति) तिर्न आदेशसमेत दिन सक्छ । उदाहरणका लागि, संयुक्त राज्य अमेरिका विरुद्ध पेपे मुद्दामा एकजना अवकाशप्राप्त सेनाका कप्तानलाई नावालिगसँग अनुचित यौनजन्य कार्यमा संलग्न हुने अभिप्रायले सात पटक कम्बोडिया भ्रमण गरेकोमा कसूरदार ठहर गरियो । प्रतिवादीलाई प्रत्येक पटकका लागि ३० वर्षको जेल सजाय गरी कुल २१० वर्षको जेल सजाय दिइयो । निजबाट पीडितहरूको पुनर्व्यवस्थापनका लागि २४२,२१३ डलर भुक्तानी गर्न समेत निजलाई आदेश दिइयो ।[6]

पहिचान गरिएका ६८ संघीय फौजदारी मुद्दाहरूमध्ये ६२ वटामा फौजदारी कसूर ठहर भई ३७ महिनादेखि ३३० वर्षसम्मको जेल सजाय भएको छ । फौजदारी कसूर ठहर वा गल्ती याचनामा टुंगिएका ६२ मुद्दाहरूमध्ये १९ वटा मुद्दामा पीडितहरूलाई पुनर्व्यवस्थापन (क्षतिपूर्ति) दिइइको छ ।[7] पुनर्व्यवस्थापन आदेशमा अपराधसँग प्रत्यक्ष सम्बन्धित फुटकर क्षतिको रकम पीडितलाई भुक्तानी गर्न प्रतिवादी जिम्मेवार हुन्छ । उदाहरणका लागि संयुक्त राज्य अमेरिका विरुद्ध परलिज मुद्दामा हाइटीको आवाशीय च्यारिटी विद्यालयमा उपस्थित भएका धेरै बालकहरूलाई संयुक्त राज्य अमेरिकाका पादरीले यौन दुर्व्यवहार गरेको पाइयो । जब पीडितहरू अगाडि आए, ती बालकहरूले च्यारिटी विद्यालयबाट पाउने सहयोग पाएनन । अदालतले पीडितहरूलाई कुल अमेरिकन डलर ४८,८७९.२९ भुक्तानी गर्न प्रतिवादीलाई आदेश दियो । बालकहरूले अपराधका बारेमा जानकारी दिएपछि निजहरूले गुमाएको आवास र विद्यालय शुल्कलाई यस रकमले खाम्ने आदेश दियो ।[8] युनाइटेड विरुद्ध अब्रामोभको मुद्दामा संघीय जुरीले रुस र संयुक्त राज्य अमेरिकाको द्वैध नागरिक भएको व्यक्तिले रुस भ्रमण गरी नाबालिकाहरूलाई धेरै पटक जबरजस्ती करणी गरेको पाइयो । अदालतले अब्रामोभलाई १५० वर्षको जेल सजाय दियो । अब्रामोभको यौन दुर्व्यवहारसँग सम्बन्धित विगत, वर्तमान र भविष्यको उपचारको खर्च खाम्ने गरी तीनजना पीडितहरूलाई कुल अमेरिकन डलर ८,०५५ रकम पुनर्व्यवस्थापनका लागि भुक्तानी गर्न अदालतले अब्रामोभलाई आदेश दियो ।[9]



---


See Appendix A. This figure does not include prosecutions brought under the PROTECT Act for child sexual abuse cases occurring within the United States.

[6] U.S. v. Pepe, No. 14-50095 (9th Cir.). As of June 2018, the defendant's appeal is ongoing.

[7] See Appendices A and B.

[8] Restitution Order, U.S. v. Perlitz, No. 09-cr-00207 (D. Conn. July 15, 2011); Sentencing Memorandum of the United States, U.S. v. Perlitz, No. No. 09-cr-00207 (D. Conn. Dec. 16, 2010). Perlitz pled guilty to travel with intent to engage in illicit sexual conduct and was sentenced to 235 months in prison.

Restitution Order, U.S. v. Abramov, No. 2:14-cr-00241 (C.D. Cal. May 9, 2016); Sentencing Memorandum of the United States, U.S. v. Abramov, No. 2:14-cr-00241 (C.D. Cal. Feb. 9, 2016).





पुनर्व्यवस्थापन आदेशले केवल फुटकर खर्चलाई मात्र खाम्दछ । यी आदेशहरूले पीडा र चोट, मानसिक चोट, दुष्कृति उल्लंघनको क्षतिपूर्ति, कानूनसम्मत क्षति वा दण्डात्मक क्षतिलाई समेटदैन । तल वर्णन गरिएझैं पीडितहरूले यी अतिरिक्त क्षतिहरूका लागि संयुक्त राज्य अमेरिकी संघीय अदालतहरूमा देवानी मुद्दाहरू दायर गर्न सक्छन् । संयुक्त राज्य अमेरिकाले अपराधका पीडितहरूलाई फौजदारी पुनर्व्यवस्थापन र देवानी क्षति दुवै असूल गर्ने अनुमति प्रदान गर्दछ ।

## विदेशमा अभियोजन गरिएको कसूरदारलाई संयुक्त राज्य अमेरिकामा पनि अभियोजन गर्न सकिन्छ ?

हो सकिन्छ । संयुक्त राज्य अमेरिकाका संघीय अभियोजनकर्ताहरूले सोही अपराधमा विदेशी राष्ट्रहरूमा अभियोजित भई सकेका व्यक्तिहरूमाथि पनि अभियोजन लगाउन सक्छन् । बस्तुत: कम्बोडिया[10], थाइल्याण्ड[11], जर्मनी[12] र संयुक्त अधिराज्य[13]मा कसूरदार ठहरिसकेका प्रतिवादीहरूले प्रोटेक्ट ऐनको उल्लंघनका लागि संयुक्त राज्य अमेरिकामा उस्तै समायोजनको सामना गर्नु परेको छ ।

## के यौन भ्रमण सञ्चालकहरूलाई कानून अन्तर्गत अभियोजन गर्न सकिन्छ?

हो सकिन्छ । कानूनले भ्रमणकारीहरूलाई यौन पर्यटनका लागि प्रस्ताव गर्ने कार्यलाई पनि फौजदारी कसूर मानेको छ । उदाहरणका लागि संयुक्त राज्य अमेरिका विरुद्ध इभान्सको मुद्दामा प्रतिवादीमाथि होन्डुरस र कोष्टारिकामा बाल यौन भ्रमण सञ्चालन गरेको अभियोग लागेको थियो । निजलाई २० वर्षभन्दा बढीको जेल सजाय दिइयो ।[14]

## के संयुक्त राज्य अमेरिकी अदालतमा बालबालिकाहरूले बयान दिनुपर्ने हुन्छ ?

हो केही मुद्दाहरूमा । यदि संयुक्त राज्य अमेरिकी सरकारले कुनै बालबालिकालाई बयानका लागि संयुक्त राज्य अमेरिकामा ल्याएमा त्यस्तो बालबालिकालाई फौजदारी कसूरको पीडित साक्षीका रूपमा बालबालिकाको अधिकारको प्रतिनिधित्व गर्न कानून व्यवसायी राख्न सुझाव दिइन्छ । संयुक्त राज्य अमेरिकाको गैरसरकारी संस्थाहरूले बालबालिका आईपुग्नु अघि निशुल्क कानूनी सेवा प्रदान गर्ने कानून व्यवसायी खोज्न साझेदार संस्थाहरूलाई सहयोग गर्न सक्छन् ।

## मामिलाहरूलाई संयुक्त राज्य अमेरिकी संघीय अधिकारीहरू समक्ष कसरी जानकारी गराउन सकिन्छ ?

यदि कुनै संयुक्त राज्य अमेरिकी नागरिक वा कानूनसम्मत स्थायी बासिन्दा बालबालिकाको यौन शोषणमा सहभागी भएको विषयमा जानकारी छ भने यस घटनाका बारेमा अध्यागमन तथा भन्सार प्राधिकारी/आन्तरिक सुरक्षा जाँचबुझ अधिकारी (आईसीई) समक्ष आईसीईको हटलाइन १-८६६-३४७-२४२३

---

U.S. v. Johnson, No. 6:14-cr-00482 (D. Or.) (convicted in Cambodia of abuse of one or more minors and sentenced to one year of imprisonment).

U.S. v. Shapiro, No. 2:15-cr-00224 (C.D. Cal.) (convicted in Thailand of engaging in sexual acts with a child 15 years or younger and taking a child 15 years or younger away from his parents or guardian).

U.S. v. Pendleton, No. 1:08-cr-00111 (D. Del.) (convicted in Germany of sexual abuse of persons incapable of resistance).

U.S. v. Bohning, No. 0:04-cr-60046 (S.D. Fla.) (Bohning pled guilty in the U.K. to possessing and distributing indecent images and publishing an indecent article and was sentenced to 30 months in prison. He was then extradited to the United States for prosecution).

14 U.S. v. Evans, No. 6:06-cr-00075 (M.D. Fla.).

मा फोन गरेर वा predator@DHS.gov मा इमेल गरेर जानकारी गराउन सकिन्छ । कानून कार्यान्वयनका अतिरिक्त, स्थानीय गैरसरकारी संस्थाले पनि कसरी दुर्व्यवहारको बारेमा खबर गर्ने बारेमा थप जानकारी दिन सक्छन । उदाहरणको लागि ईसिपिएटी, बालबालिकामाथि हुने यौन शोषण विरुद्ध संघर्षमा कार्यरत एउटा अन्तर्राष्ट्रिय संस्था, को विश्वभर ९२ देशहरूमा सदस्यहरू छन् ।[15]

## २. प्रोटेक्ट ऐन अन्तर्गत क्षतिका लागि देवानी मुद्दाहरू

संयुक्त राज्य अमेरिकामा फौजदारी र देवानी कानून प्रणाली पृथक पृथक छन् । तल छलफल गरिएझैं देवानी मुद्दा फौजदारी मुद्दा बिना नै चलाउन सकिन्छ वा फौजदारी मुद्दा पछि चलाउन सकिन्छ । देवानी मुद्दाले मात्र प्रतिवादीलाई जेलमा पठाउन सकिदैन, अदालतले क्षतिपूर्तिसम्बन्धी र दण्डात्मक क्षतिका साथै कानून व्यवसायीको शुल्क सम्बन्धमा आदेश गर्न सक्छ । जुन २०१८ सम्ममा संयुक्त राज्य अमेरिकाका नागरिकहरूबाट  विदेशमा दुर्व्यवहारबाट पीडित भएकाहरूले प्रोटेक्ट ऐन अन्तर्गत कम्तीमा ११ थान संघीय देवानी मुद्दाहरू दायर गरेका छन् ।[16]

### कस्लाई मुद्दा दायर गर्न सकिन्छ ?

विदेशी राष्ट्रमा नाबालिगमाथि यौन दुर्व्यवहार गर्ने संयुक्त राज्य अमेरिकाका कुनै पनि नागरिक वा स्थायी बासिन्दामाथि प्रोटेक्ट ऐन अन्तर्गत क्षतिका लागि संघीय देवानी अदालतमा मुद्दा दायर गर्न सकिन्छ । कसूरदारले विदेश भ्रमण गर्दा निजको कुनै बालबालिकामाथि जबरजस्ती करणी, दुर्व्यवहार गर्ने वा व्यावसायिक यौनमा संलग्न हुने मनसाय भएनभएको कुराले कुनै अर्थ राख्दैन ।[17] कसूरदारले विदेशी राष्ट्रमा हुँदा ती कार्यहरू गरेनगरेको कुराले मात्र अर्थ राख्दछ । यो कानूनले यौन पर्यटन कम्पनी सञ्चालन गर्नेहरूलाई समेत समेट्दछ ।[18]

उदाहरणका लागि वादी विरुद्ध सेहेरको मुद्दामा चार जना ब्राजिलियन महिलाहरूले एकजना संयुक्त राज्य अमेरिकी नागरिक प्रतिवादीले संयुक्त राज्य अमेरिकाका नागरिकहरूका लागि बाल यौन पर्यटनको व्यवस्था गरी ब्राजिलको भ्रमण गराउने गरेको आरोप लगाई संघीय देवानी मुद्दा दायर गरेका थिए । सबै जना वादीहरू निजहरूको बेचबिखन भएको समयमा १८ वर्षभन्दा कम उमेरका थिए जसमध्ये एकजना १२ वर्षकी मात्र थिइन । यी पीडितहरूले तिनीहरू र अन्य केटीहरूलाई प्रतिवादीको माछा मार्ने डुंगा, रक्सी र लागू औषधमा लोभ्याई प्रतिवादी र निजका ग्राहकहरूसँग व्यावसायिक यौन कार्य गर्न वाध्य तुल्याइएको आरोप लगाएका थिए । यो मुद्दा अन्ततः गोपनीय समाधानमा सकियो ।[19]

कसूरदार र बाल यौन भ्रमण सञ्चालकबाहेक अन्य पक्षका विरुद्ध पीडितहरूले देवानी मुद्दा दायर गर्न पाउने विषयमा संयुक्त राज्य अमेरिकाका संघीय अदालतहरू विभाजित छन् । जोसेफ जीन चार्ल्स वि. पर्लिट्जको मुद्दामा कनेक्टीकटको एउटा संघीय अदालतले प्रोटेक्ट ऐनको अक्षरले अदालतलाई कर्मचारी

15 For more, see http://www.ecpat.org/where-we-work/. If reporting abuse in Europe, see http://www.reportchildsextourism.eu/

See Appendices B and C. The total number of cases filed, 11, does not include lawsuits brought under the PROTECT Act for child sexual abuse cases occurring within the United States. A total of 79 cases have been filed against Douglas Perlitz, a former priest who sexually abused multiple victims in Haiti. These complaints were consolidated into two cases: Gervil v. Perlitz, No. 3:13-cv-01132 (D. Conn. Aug. 8, 2012) (consolidating 55 cases with the lead case) and Jean-Charles v. Perlitz, No. 3:11-cv-00614 (D. Conn. Jan. 12, 2012) (consolidating 22 cases with the lead case

17 18 U.S.C. § 2423(b) specifically prohibits traveling with the intent to engage in illicit sexual conduct. 18 U.S.C. § 2423(c) does not require the “travel with intent” element

See 18 U.S.C. § 2423(d): Whoever, for the purpose of commercial advantage or private financial gain, arranges, induces, procures, or facilitates the travel of a person knowing that such a person is traveling in interstate commerce or foreign commerce for the purpose of engaging in illicit sexual conduct shall be fined under this title, imprisoned not more than 30 years, or both.

Plaintiffs v. Schair, No. 11-cv-145 (N.D. Ga. filed June 14, 2011). While this case was brought under federal anti trafficking statutes, similar fact patterns could also be brought under the PROTECT Act.

जस्ता तेस्रो पक्षलाई प्रतिवादीले बालबालिकामाथि गरेको यौन दुर्व्यवहारका लागि जिम्मेवार बनाउने अनुमति दिदैन । तसर्थ अदालतले हाइटीमा धेरै बालकमाथि यौन दुराचार गर्ने प्रतिवादी पादरीका सुपरीवेक्षकहरूलाई प्रोटेक्ट ऐन अन्तर्गत जिम्मेवार बनाउन नसकिने भनी निजहरू विरुद्धको दावीलाई खारेज गरेको थियो ।[20] तर डो विरुद्ध लिबेरेटरको मुद्दामा पेन्सिलभेनियाको एउटा संघीय अदालतले तेस्रो पक्षले प्रतिवादीलाई अपराध गर्नमा आपराधिक रूपमा सहयोग गरेमा वा दुरुत्साहन गरेमा तेस्रो पक्षलाई पनि जिम्मेवार बनाउन सकिने उल्लेख गरेको छ । अदालतले अन्ततः प्रतिवादी पादरी लिबेरेटरले नाबालिगमाथि यौन दुर्व्यवहार गरेको तेस्रो पक्षलाई जानकारी भएको भन्ने पर्याप्त प्रमाण नभएको भन्दै निजहरू माथिको दावीलाई खारेज गरेको थियो ।[21]

## कस्ले मुद्दा दायर गर्न सक्छ ?

संयुक्त राज्य अमेरिकाका कुनै नागरिक वा कानूनसम्मत स्थायी बासिन्दाद्वारा यौन दुर्व्यवहार गरिएको समयमा १८ वर्षभन्दा कम उमेर भएका पीडितले मुद्दा दायर गर्न सक्छन् । वयस्क उमेर पुगेका पीडितहरूले दुर्व्यवहारकर्ता विरुद्ध आफैले मुद्दा दायर गर्न सक्छन् । अझै नाबालिग भएका पीडितहरूले अर्को साथी भनिने आफ्ना वयस्क प्रतिनिधिमार्फत मुद्दा दायर गर्न सक्छन् । मुद्दा अनुसार परामर्शदाता, अभिभावक[22], कानूनी संरक्षक वा बालबालिकासँग नातासम्बन्ध भएका अन्य व्यक्तिहरू अर्को साथीका रूपमा काम गर्न योग्य हुन्छन् । अर्को साथीको रूपमा मुद्दामा प्रवेश गर्नु अघि बालबालिकाको व्यक्ति वा समूहसँग पूर्व सम्बन्ध भएको कुरालाई अदालतले प्राथमिकता दिन्छ । तर बालबालिका र प्रतिनिधिका बीच पूर्व सम्बन्ध हुन आवश्यक हुनेछैन ।[23]

## के पीडितले आफ्नै नामबाट मुद्दा दायर गर्नु पर्छ ?

अदालतको स्वीकृति लिएर पीडितले जोन डी वा जेन डी जस्ता काल्पनिक वा अवास्तविक नाम राखेर प्रोटेक्ट ऐन अन्तर्गत देवानी दावी दायर गर्न सक्छ । संयुक्त राज्य अमेरिकामा दायर गरिएका ११ देवानी मुद्दाहरूमध्ये नामै नखुलाई तीन वटा देवानी मुद्दाहरू दायर गरिएकोमा त्यस विषयमा प्रतिवादीहरूले चुनौति दिएका थिएनन ।[24] वादीलाई काल्पनिक नामबाट प्रक्रिया शुरु गर्ने अनुमति दिने नदिने कुरा निर्धारण गर्दा अदालतले खुल्ला न्यायिक कार्यविधिको आवश्यकता विरुद्ध पीडितको गोपनीयतासम्बन्धी स्वार्थको आकलन गर्नुपर्नेछ । पीडितले बेहोर्नु पर्ने सम्भावित सर्मिन्दगी नाम नखुलाई मुद्दा दायर गर्ने पूर्जी जारी गर्न पर्याप्त हुनेछैन । उदाहरणका लागि *जाभारोभ विरुद्ध स्नेइडरको* मुद्दामा प्रतिवादीले काल्पनिक नामबाट वादीले मुद्दा दायर गरेको कुरालाई चुनौति दिएको पाइन्छ । वादीले ठोस हानि उल्लेख नगरी सर्मिन्दगी बेहोर्नु पर्ने र आफ्नो वृत्तिविकासमा हानि पुग्न सक्ने कुरामात्र उल्लेख गरेको र गोपनीयता तथा सुरक्षाजन्य स्वार्थका बारेमा पर्याप्त रूपमा खुलाउन नसकेको अदालतले ठहर गरेको थियो ।[25] अदालतले पीडितले आफ्नो वास्तविक नामबाट देवानी मुद्दा दायर गर्न आवश्यक हुने ठहर गरेको थियो ।

## फौजदारी कसूर ठहर हुँदा पनि पीडितले मुद्दा दायर गर्न सक्छ ?

हो गर्न सक्छ । दुर्व्यवहारकर्ता संयुक्त राज्य अमेरिकामा वा अपराध भएको देशमा फौजदारी कसूरमा कसूरदार ठहरिएमा पीडितले मुद्दा दायर गर्न सक्छ । बस्तुतः दायर गरिएका ११ प्रोटेक्ट ऐन देवानी मुद्दामध्ये ६ वटामा संयुक्त राज्य अमेरिकामा फौजदारी अभियोजन गरिएको थियो ।[26] फौजदारी अदालतले दायित्व स्थापित गरिसक्ने हुनाले देवानी मुद्दा क्षतिमा केन्द्रीत भए पुग्ने हुनाले फौजदारी अभियोगमा ठहर पछि देवानी मुद्दा चल्नु पीडितहरूलाई मुद्दा गर्न अझ सहज हुन्छ ।

---

20 937 F. Supp. 2d 276, 281 (D. Conn. 2013).

21 Doe v. Liberatore, 478 F. Supp. 2d 742, 756 (M.D. Pa. 2007).

22 See, e.g., Complaint at 2, Boonma v. Bredimus, No. 05-0684 (N.D. Tex. filed Apr. 7, 2005); cf. Z.A. v. Oswald, No. 08-643, 2008 WL 4372736 (E.D. Mo. Sept. 22, 2008) (mother acted as next friend in civil suit under 18 USC § 2255 based on child pornography)

Sam M ex. Rel. Elliot v. Carcieri, 608 F.3d 77, 85 (1st Cir. 2010) (the U.S. Supreme Court has not held that a prior relationship is required).

24 See Appendices B and C.

25 Order at 2, Zavarov v. Schneider, No. 08-cv-03805 (E.D. Pa. filed Mar. 24, 2010).

26 See Appendix B.

## पीडितले फौजदारी पुर्नव्यवस्था हासिल गरेको अवस्थमा निजले देवानी क्षतिपूर्ति पाउन सक्छ ?

हो सक्छ। प्रोटेक्ट ऐन अन्तर्गतको देवानी कारवाहीले पीडितलाई फौजदारी पुनर्व्यवस्थापनमा समावेश नभएका थप रकम असूल गर्ने अनुमति दिन्छ। यी क्षतिपूर्तिमा दण्डात्मक क्षतिका अतिरिक्त पीडा र चोटका साथै मानसिक र संवेगात्मक हानिको क्षतिपूर्तिसमेत समावेश हुन्छ।[27] उदाहरणका लागि संयुक्त राज्य अमेरिका विरुद्ध स्नेइडरको मुद्दामा संघीय जुरीले प्रतिवादीले छ वर्षको अवधिसम्म रसिएन नाबालिगलाई यौन दुर्व्यवहार गरेको ठहर गरेको थियो। प्रतिवादीलाई १८० महिनाको जेल सजाय भई पीडितको पुनर्व्यवस्थापनका लागि कुल अमेरिकन डलर ३५,००० पीडितलाई भुक्तानी गर्ने आदेश दिइएको थियो।[28] पीडितले पेन्सिलभिनियाको संघीय अदालतमा प्रोटेक्ट ऐन अन्तर्गत जाभारोभ विरुद्ध स्नेइडरको देवानी मुद्दा दायर गरेको थियो। अदालतले फौजदारी कारवाही चलुन्जेल यो मुद्दालाई मुल्तवी राख्यो। फौजदारी मुद्दा पछि संघीय देवानी मुद्दा चल्यो। अन्ततः देवानी मुद्दा गोपनीय समाधानमा टुंगियो।[29]

डोइ विरुद्ध लिवेरेटरको मुद्दामा वादीले निजको पूर्व पादरीले निज किशोरावस्थामा हुँदा संयुक्त राज्य अमेरिकामा रहँदा र यूरोप भ्रमणमा जादाँ यौन दुर्व्यवहार गरेको आरोप लगाएको पाइन्छ। मुद्दा दायर गर्दा प्रतिवादीलाई न्यूयोर्क राज्यमा सम्बन्धित फौजदारी अभियोग लाग्यो। प्रतिवादीले मुद्दामा यौन दुर्व्यवहारको उद्योग गरेको दोषी पाइयो र निजलाई दश वर्षको प्रोवेशनको सजाय दिइयो। स्क्रानटनका रोमन क्याथोलिक डिसेसेले समाधानका लागि तीस लाख डलर भुक्तानी गर्न मन्जुर गरे।[30]

सन् २०१० मा अनुचित यौन अभ्यासको मनसायले भ्रमण गरेकोमा दोषी पाइएको एक जना अमेरिकी पादरीलाई २३५ महिनाको जेल सजाय गरी निजका पीडितहरूलाई  अमेरिकन डलर ४८,८७९.२९ पुनर्व्यवस्थापनका लागि भुक्तानी गर्ने आदेश समेत दिइयो। प्रतिवादीले असमर्थ केटाहरूका लागि हाइटीमा एउटा आवाशीय विद्यालय सञ्चालन गरेका थिए। निजले दर्जनौ केटाहरूलाई दश वर्षसम्म यौन दुर्व्यवहार गरेका थिए। प्रतिवादीको कसूर ठहर पछि प्रतिवादी, निजका धार्मिक आज्ञा, रोजगारदाताहरू एवं सुपरीवेक्षकहरूका विरुद्ध प्रोटेक्ट ऐन र बेचबिखन गरिएका पीडितहरूको संरक्षण ऐनको उल्लंघन गरेकोमा २४ थान देवानी मुद्दाहरू दायर गरियो। यी मुद्दाहरूलाई जिन चार्ल्स विरुद्ध पर्लिट्सको मुद्दामा एकत्रित गरियो। प्रतिवादीहरूले २४ जना पीडितहरूलाई समाधानका लागि एक करोड बीस लाख डलर तिर्न मन्जुर गरे।[31]

## पीडितले मुद्दा दायर गर्नु अघि फौजदारी कसूर ठहर हुनु पर्छ ?

पर्दैन। फौजदारी मुद्दामा ठहर हुन आवश्यक छैन र देवानी कारवाही कुनै पनि बेला चलाउन सकिन्छ।
उदाहरणका लागि *भाङ विरुद्ध प्रतयको* मुद्दामा अमेरिकी नागरिकबाट गरिएको यौन दुर्व्यवहारबाट पीडित वादीले मिनेसोटाको संघीय अदालतमा मुद्दा दायर गरेको थियो। उनले प्रोटेक्ट ऐन र बेचबिखनबाट पीडितको संरक्षण ऐन अन्तर्गत प्रतिवादी प्रतयले लाओस भ्रमण गर्दा १४ वर्षकी वादीलाई जबरजस्ती करणी गरेको आरोप लगाई मुद्दा दायर गरेकी  थिइन। यहाँ कुनै संघीय फौजदारी अभियोजन गरिएको थिएन।संघीय जुरीले प्रतिवादीले प्रोटेक्ट ऐनको उल्लंघन गरेको ठहर गरी पीडितलाई अमेरिकन डलर ९५०,००० प्रदान गर्नु पर्ने ठहर गऱ्यो।[32] वादीले प्रतिवादी फौजदारी कसूरमा ठहर हुनु अघि नै प्रोटेक्ट ऐन अन्तर्गत मुद्दा दायर गर्न सक्छ।[33] वास्तवमा ठहर नहुन्जेल कुर्दा पीडितलाई निजको दावी हदम्यादका कारण कमजोर हुने जोखिम हुन सक्छ।

---

[27] See Doe v. Hesketh, 828 F.3d 159, 170 (3d Cir. 2016) (confirming that a victim who has received restitution in a criminal case could file a subsequent civil action).

28 U.S. v. Schneider, 801 F.3d 186 (3d Cir. 2015).


29 Zavarov v. Schneider, No. 2:08-cv-03805 (E.D. Pa.).

30 Sean D. Hamill, Scranton Diocese to Pay $3 Million in Sex Abuse Case, N.Y. TIMES, Nov. 9, 2007, available at https://www.nytimes.com/2007/11/09/us/09priest.html.

Simmons Hanly Conroy, Simmons Hanly Conroy settles landmark sex abuse case on behalf of 24 Haitian victims for $12 million (July 1, 2013), https://www.simmonsfirm.com/news/item/simmons-hanly-conroy-settles-landmarksex-abuse-case-behalf-24-haitian-victims-12-million/. Fifty-five additional civil suits have since been filed and consolidated under Gervil v. Perlitz, No. 3:13-cv-01132 (D. Conn. Aug. 8, 2012). This case is ongoing.

32 Vang v. Prataya, No. 12-cv-1847 (D. Minn. 2012).

[33] See, e.g., Smith v. Husband, 376 F. Supp. 2d 603, 612-13 (E.D. Va. 2005) (relying on legislative history and “other federal providing for civil remedies to victims of criminal acts” in finding that “Congress did not intend to provide a civil remedy for only those crimes where the perpetrator has been convicted criminally”); cf. Cisneros v. Aragon, 485 F.3d 1226, 1232 (10th Cir. 2007) (“[A]ssum[ing] that a criminal conviction is not necessary for a defendant to face civil liability under the statute”); but see Doe v. City of Waterbury, 453 F. Supp. 2d 537, 553 (D. Conn. 2006) (denying plaintiff’s summary judgment motion in action seeking civil remedies under Section 2255 where the defendant “has not been indicted, tried or convicted” under any of the predicate criminal statutes listed in Section 2255).



## कहिलेसम्म मुद्दा दायर गर्न सकिन्छ ? हदम्यादसम्बन्धी कानून के हो ?

प्रोटेक्ट ऐन अप्रिल ३०, २००३ (२०६०।१।१७ गते) कानून बन्यो र पछि सन् २०१३ मा संशोधन भयो। आरोपित कसूर कहिले भयो भन्ने आधारमा छुट्टै हदम्याद सम्बन्धी कानूनका प्रावधानहरू लागू हुन्छ। मार्च ७, २०१३ (२०६९।११।२४ गते) भन्दा अगाडि भएका आरोपित कसूरका लागि हदम्याद ६ वर्षको रहेको छ। मार्च ७, २०१३ (२०६९।११।२४ गते) वा सोभन्दा पछाडि भएका कसूरका लागि कसूर भएको मितिले दश वर्ष वा पीडित १८ वर्ष पुगेको मितिले तीन वर्षभित्र मुद्दा दायर गरिसक्नु पर्ने हुन्छ। देवानी मुद्दालाई असम्भव बनाउन सक्ने मुद्दाको हदम्याद गुज्रनबाट जोगिन वकीलसँग सल्लाह गर्नु सधैं महत्वपूर्ण हुन्छ।

## प्रोटेक्ट ऐन अन्तर्गत कुन देवानी क्षतिपूर्तिहरू उपलब्ध छन् ?

प्रोटेक्ट ऐन अन्तर्गत पीडितले १५०,००० डलरभन्दा घटी नहुने गरी वास्तविक क्षति वा अनुमानित क्षति असूली गर्ने कुरा छनौट गर्न सक्छ। संयुक्त राज्य अमेरिकाका अधिकांश देवानी मुद्दाहरूमा वादीहरूले आफ्नो क्षतिको रकम प्रमाणसहित सुनुवाईका क्रममा देखाउनु पर्ने हुन्छ। यस्को प्रतिकुल प्रोटेक्ट ऐनको अनुमानित क्षतिसम्बन्धी प्रावधान अन्तर्गत वादीले सम्भावित क्षतिलाई महत्व नदिई कुल अमेरिकन डलर १५०,००० असूल गर्न सक्छ। १५०,००० डलरको अनुमानित क्षतिको रकम वैधानिक सीमा हो। यदि वास्तविक पूर्ण क्षतिको रकम १५०,००० डलरभन्दा बढी भएमा वादीले बढी रकम लिन सक्छ।

प्रोटेक्ट ऐनमा शुल्क हेरफेर गर्ने प्रावधान पनि रहेको छ। एक सफल वादीले प्रतिवादीबाट कानून व्यवसायीको मनासिब शुल्क समेत असूल गर्न सक्छ।

## प्रतिवादीले प्राय लिने प्रतिवाद के हो ?

प्रोटेक्ट ऐनको देवानी मुद्दाका प्रतिवादीहरूले प्राय संयुक्त राज्य अमेरिकामा भन्दा जहाँ आरोपित फौजदारी कसूर भएको छ सोही देशमा मुद्दा चल्नु उपयुक्त हुने तर्क गर्ने गर्दछन्।

## के पीडितले संयुक्त राज्य अमेरिकामा बयान दिनु पर्छ ?

यो सम्भव छ। यदि फौजदारी कसूरमा ठहर भएपछि देवानी मुद्दा चलेमा र देवानी क्षतिमा केन्द्रीत भएमा प्रतिवादीको अपराधका सम्बन्धमा पीडित बालबालिकाको पुनः बयान लिन आवश्यक हुँदैन। यदि प्रतिवादीको कसूर ठहर भैसकेकोमा यस्तो ठहर देवानी मुद्दामा दायित्व स्थापित गर्न पर्याप्त हुन सक्छ। तर यदि देवानी मुद्दाले फौजदारी अभियोजनलाई प्रत्यक्ष रूपमा निर्धारण नगरेमा पक्षसँग अर्न्तनिहित तथ्यका बारेमा बयान लिनु पर्ने हुन सक्छ। यस्का अतिरिक्त क्षतिका विषयमा पनि बयान लिनु आवश्यक हुन सक्छ।

## प्रोटेक्ट ऐनसम्बन्धी थप सामाग्रीहरू

प्रोटेक्ट ऐन र बाल यौन पर्यटनका बारेमा उपयोगी धेरै स्रोतहरू पाइन्छन्। तिनमा निम्न कुराहरू पर्दछन्:

- संयुक्त राज्य अमेरिका न्याय विभाग, कंग्रेससमक्ष पेश गरेको बालबालिका शोषण निवारण र निषेधसम्बन्धी राष्ट्रिय रणनीति प्रतिवेदन (अप्रिल, २०१६)

  https://www.justice.gov/psc/file/842411/download

- संयुक्त राज्य अमेरिका न्याय विभाग, बालबालिकाको बर्हिक्षेत्रीय यौन शोषण सम्बन्धी संयुक्त राज्य अमेरिकाको संघीय कानूनका बारेमा नागरिकलाई दिग्दर्शन


  https://www.justice.gov/criminalceos/citizens-guide-us-federal-law-extraterritorial-sexual-exploitation-children

*यो अभ्यास दिग्दर्शन सराह एल. बेसेल, मानव बेचबिखन कानून केन्द्रमा कार्यरत कानून व्यवसायी, र रोप्स एण्ड ग्रे एलएलपीका मार्टिन क्रिप्स, डायना फोष्टर र इसा गोड्केद्वारा लेखिएको हो। यसलाई मानव बेचबिखन कानून केन्द्रका अध्यक्ष मार्टिना ई. भान्डरवर्गद्वारा सम्पादन गरिएको छ*

*। फ्रिडम फन्ड र ग्रेटर पाल्म बीचेचको यहुदी महिला प्रतिष्ठानले उपलब्ध गराएको कोषबाट यो प्रकाशन सम्भव भएको हो ।*


***यो दिग्दर्शनले कानूनी परामर्श दिने मनसाय राखेको छैन र यस प्रयोजनका लागि यसमा भर पर्नु हुँदैन । मानव बेचबिखन कानून केन्द्रले प्रोटेक्ट ऐनको मुद्दामा प्रत्यक्षतः पीडितको प्रतिनिधित्व गर्दैन । यस क्षेत्रमा अनुभव हासिल गरेका कानून व्यवसायीको परामर्श लिएर कानून कार्यान्वयनकर्ता निकायसमक्ष जानकारी दिन वा संयुक्त राज्य अमेरिकी अदालतहरूमा मुद्दा दायर गर्न पीडितहरूलाई ठोस सुझाव दिइन्छ ।***

© The Human Trafficking Legal Center
© Ropes & Gray LLP
Citation: Bessell, Sarah; Crisp, Martin; Foster, Deanna; and Ghodke, Isha, “U.S. Legal Remedies for Minor Victims of Sex Tourism and Sex Trafficking,” The Human Trafficking Legal Center & Ropes & Gray LLP; 2018.




## अनुसूची क
## संघीय फौजदारी मुद्दामा मात्र परिणत भएका अभियोजनहरू

| | मुद्दाको उद्धरण | दुर्व्यवहार भएको देश | जुन २०१८ सम्मको अवस्था |
|---|---|---|---|
| १. | U.S. v. Rudd, No. 8:07-cr-00163 (C.D. Cal.) | बङ्गलादेश | ७८ महिनाका लागि कैद सजायसहित दश बर्षको सुपरीवेक्षण, पीडितहरूलाई पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर पन्ध्र हजार भुक्तानी गर्ने आदेश |
| २. | U.S. v. Flath, No. 2:11-cr-00069 (E.D. Wis.) | बेलिज | पाँच वर्षका लागि कैद सजायसहित दश वर्षको सुपरीवेक्षण, पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ३. | U.S. v. Clark, No. 2:03-cr-00406 (W.D. Wash.) | कम्बोडिया | ९७ महिनाका लागि कैद सजायसहित पाँच बर्षको सुपरीवेक्षण, पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ४. | U.S. v. Dodd, No. 2:10-cr-00235 (C.D. Cal.) | कम्बोडिया | १०४ महिनाका लागि कैद सजाय,सहित दश बर्षको सुपरीवेक्षण, पीडितहरूलाई पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर ९५०० भुक्तानी गर्ने आदेश |
| ५. | U.S. v. Jackson, No. 2:03-cr-00498 (W.D. Wash.) | कम्बोडिया | भूतलक्षी आधारमा अभियोग खारेज गरिदिन गरिएको प्रतिवादीको प्रस्ताव स्वीकार । पुनरावेदनबाट खारेजलाई सदर गरिएको । |
| ६. | U.S. v. Jayavarman, No. 3:13-cr-00097 (D. Alaska) | कम्बोडिया | १८ वर्षका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण, अमेरिकी डलर रकममा ५०,००० जरिवाना तिराउने आदेश । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ७. | U.S. v. Johnson, No. 6:14-cr-00482 (D. Or.) | कम्बोडिया | ८/२२/०१८ का लागि दण्डसजाय निर्धारित । |
| ८. | U.S. v. Mitchell, No. 1:09-cr-00374 (D. Haw.) | कम्बोडिया | ४६ महिनाका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पीडितका लागि विशेष निर्धारित रकम अमेरिकी डलर १०० र पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर ६,५००.२६ भुक्तानी गर्ने आदेश । |
| ९. | U.S. v. Pepe, No. 2:07-cr-00168 (C.D. Cal.); U.S. v. Pepe, No. 14-50095 (9th Cir.) | कम्बोडिया | २१० वर्षका लागि कैद सजाय, पिडितहरूलाई पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर २४२,२१३ भुक्तानी गर्ने आदेश, प्रतिवादीद्वारा निर्णय उपर पुनरावेदन । |
| १०. | U.S. v. Page, No. 15-cr-00284 (D. Minn.) | क्यामरुन | १२० महिनाका लागि कैद सजायसहित बीस वर्षको सुपरीवेक्षण । पीडितका लागि विशेष निर्धारित रकम अमेरिकी डलर १०० र पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर २७,०११.७४ भुक्तानी गर्ने आदेश । |




## अनुसूची क
## संघीय फौजदारी मुद्दामा मात्र परिणत भएका अभियोजनहरू

| | मुद्दाको उद्धरण | दुर्व्यवहार भएको देश | जुन २०१८ सम्मको अवस्था |
|---|---|---|---|
| ११. | U.S. v. Jordan, No. 3:13-cr-00160 (W.D. Wis.) | क्यानाडा | १२० महिनाका लागि कैद सजायसहित दश वर्षको सुपरीवेक्षण लागी निरिक्षणमा थुनामुक्त, विशेष मुल्याकंन स्वरूप अमेरिकी डलर रकम १०० भुक्तानी गर्ने आदेश । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| १२. | U.S. v. Benavides, No. 1:05-cr-00223 (D.D.C.) | चिली | ८८ महिनाका लागी कैद सजायसहित १२० महिनाको सुपरीवेक्षण, पुनर्व्यवस्थापन खर्च नदिएको । |
| १३. | U.S. v. Barragan, No. 2:18-cr-00053 (C.D. Cal.) | चीन | ८/२१/१८ का लागि पुर्पक्ष निर्धारित । |
| १४. | U.S. v. Orjuela, No. 1:12-cr-00281 (D.D.C.) | चीन | ३० वर्षका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| १५. | U.S. v. De Jesus, No. 0:14-cr-60270 (S.D. Fla.) | कोलम्बिया | १५ वर्षका लागि कैद सजायसहित २५ वर्षको सुपरीवेक्षण । विशेष मुल्याकंन स्वरूप अमेरिकी डलर ५०० भुक्तानी गर्ने आदेश । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| १६. | U.S. v. Obert, No. 5:04-cr-20107 (N.D. Cal.) | कोष्टारिका | ५१ महिनाका लागि कैद सजायसहित ३ वर्षको सुपरीवेक्षण । विशेष मुल्याकंन स्वरूप अमेरिकी डलर रकम १०० भुक्तानी गर्ने आदेश । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| १७. | U.S. v. Symonds, No. 1:17-cr-20836 (S.D. Fla.) | डोमिनिकन रिपब्लिक | ७/६/०१८ मा सजाय निर्धारण हुने । |
| १८. | U.S. v. Pendleton, No. 1:08-cr-00111 (D. Del.) | जर्मनी | बढीमा ३० वर्षका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| १९. | U.S. v. Arbaugh, No. 5:17-cr-00025 (W.D. Va.) | हाइटी | ७/२३/०१८ मा सजाय निर्धारण हुने । |




## अनुसूची क
## संघीय फौजदारी मुद्दामा मात्र परिणत भएका अभियोजनहरू

| | मुद्दाको उद्धरण | दुर्व्यवहार भएको देश | जुन २०१८ सम्मको अवस्था |
|---|---|---|---|
| २०. | U.S. v. Bollinger, No. 3:12-cr-00173 (W.D.N.C.) | हाइटी | २५ वर्षका लागी कैद सजाय, साथै आजिवन निरिक्षणमा थुनामुक्त, क्षतिपुर्ति स्वरूप अमेरिकी डलर ६००० रकम तिराउने आदेश । |
| २१. | U.S. v. Carter, No. 1:11-cr-20350 (S.D. Fla.) | हाइटी | १६५ वर्षका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर २०,५६० भुक्तानी गर्ने आदेश । |
| २२. | U.S. v. Pye, No. 1:17-cr-20205 (S.D. Fla.); U.S. v. Pye, No. 18-10277 (11th Cir.) | हाइटी | ४० वर्षका लागि कैद सजायसहित २५ वर्षको सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । प्रतिवादीद्वारा निर्णय उपर पुनरावेदन । |
| २३. | U.S. v. Bryant, No. 5:15-cr-00184 (N.D. Ohio) | होण्डुरस | ९० महिनाका लागि कैद सजाय । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| २४. | U.S. v. Glenn, No. 1:15-cr-20632 (S.D. Fla.) | होण्डुरस | आजीवन कैद सजाय । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| २५. | U.S. v. Maurizio, No. 3:14-cr-00023 (W.D. Pa.) | होण्डुरस | २०० महिनाका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । अमेरिकी डलर ५०,००० जरिवाना र कुल अमेरिकी डलर २०,००० तिराउने आदेश (दुई पिडितहरूमध्ये प्रत्येकलाई अमेरिकी डलर १०,०००) |
| २६. | U.S. v. McGrath, No. 4:14-cr-00566 (S.D. Tex.) | होण्डुरस | ८४ महिनाका लागि कैद सजायसहित ५ वर्षको सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| २७. | U.S. v. Dishman, No. 4:17-cr-00066 (S.D. Tex.) | इण्डोनेसिया | ९/७/०१८ मा सजाय निर्धारण हुने । |
| २८. | U.S. v. Peacock, No. 3:17-cr-00562 (N.D. Cal.) | जमैका | ८/८/०१८ मा सजाय निर्धारण हुने । |




## अनुसूची क
## संघीय फौजदारी मुद्दामा मात्र परिणत भएका अभियोजनहरू

| | मुद्दाको उद्धरण | दुर्व्यवहार भएको देश | जुन २०१८ सम्मको अवस्था |
|---|---|---|---|
| २९. | U.S. v. Ott, No. 1:13-cr-00092 (D.D.C.) | केन्या | २० वर्षका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ३०. | U.S. v. Campbell, No. 7:15-cr-00235 (W.D. Tex.) | मलावी | २०० महिनाका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पीडितलाई अमेरिकी डलर ४०,००० पुनर्व्यवस्थापन खर्च भुक्तानी गर्ने आदेश। |
| ३१. | U.S. v. Adelman, No. 3:17-cr-3580 (S.D. Cal.) | मेक्सिको | विचाराधीन रहेको । |
| ३२. | U.S. v. Bigler, No. 3:17-cr-02509 (S.D. Cal.) | मेक्सिको | ९/२४/०१८ मा सजाय निर्धारण हुने । |
| ३३. | U.S. v. Rangel, 6:17-cr-02085 (N.D. Iowa) | मेक्सिको | २४० महिनाका लागि कैद सजायसहित ७ वर्षको सुपरीवेक्षण । विशेष मुल्याकंन स्वरूप अमेरिकी डलर रकम १०,२०० भुक्तानी गर्ने आदेश । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ३४. | U.S. v. Robinette, No. 1:13-cr-00003 (E.D. Cal.) | मेक्सिको, कोष्टारिका | ३५ वर्षका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ३५. | U.S. v. Perez, No. 2:17-cr-00427 (W.D. Tex.) | मेक्सिको | ९/१३/०१८ मा सजाय निर्धारण हुने । |
| ३६. | U.S. v. Evans, No. 6:06-cr-00075 (M.D. Fla.) | एन/ए –स्टिङ्ग | २५० महिनाका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ३७. | U.S. v. Sensi, No. 3:08-cr-00253 (D. Conn.) | निकारागुवा | ८५ वर्षका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ३८. | U.S. v. Benjamin, No. 3:18-cr-1282 (S.D. Cal.) | फिलिपिन्स | विचाराधीन रहेको । ५/०४/०१८ मा पकाउ पुर्जी फिर्ता भएको । |




## अनुसूची क
## संघीय फौजदारी मुद्दामा मात्र परिणत भएका अभियोजनहरू

| | मुद्दाको उद्धरण | दुर्व्यवहार भएको देश | जुन २०१८ सम्मको अवस्था |
|---|---|---|---|
| ३९. | U.S. v. Shultz, No. 6:16-cr-10107 (D. Kan.) | फिलिपिन्स | विचाराधीन रहेको । |
| ४०. | U.S v. Clemans, No. 2:15-cr-00227 (E.D. Cal.) | फिलिपिन्स | आजीवन कैद सजाय । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ४१. | U.S. v. Herschell, No. 2:13-cr-00006 (W.D. Pa.) | फिलिपिन्स | १४४ महिनाका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ४२. | U.S. v. Lindsay, No. 3:12-cr-00873 (N.D. Cal.) | फिलिपिन्स | ८ वर्षका लागि कैद सजायसहित ५ वर्षको सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ४३. | U.S. v. Lynch, No. 8:17-cr-00037 (M.D. Fla.); U.S. v. Lynch, No. 18-10809 (1st Cir.) | फिलिपिन्स | ३३० वर्षका लागि संघीय कैदसहित १५ वर्षको लागी सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । प्रतिवादीद्वारा निर्णय उपर पुनरावेदन । |
| ४४. | U.S. v. Mathias, No. 0:09-cr-60292 (S.D. Fla.) | फिलिपिन्स | २० वर्षका लागि कैद सजायसहित पाँच वर्षको सुपरीवेक्षण । पीडितको पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर २,००,००० भुक्तानी गर्ने आदेश। |
| ४५. | U.S. v. Pavulak, No. 1:09-cr-00043 (D. Del.) | फिलिपिन्स | आजीवनमा थप १० वर्ष कैद सजाय । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ४६. | U.S. v. Reed, No. 0:17-cr-00216 (D. Minn.) | फिलिपिन्स | ७२ महिनाका लागि कैद सजायसहित १५ वर्षको सुपरीवेक्षण । विशेष मुल्यांकन स्वरूप अमेरिकी डलर रकम १०० र पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर ६००० भुक्तानी गर्ने आदेश । |
| ४७. | U.S. v. Rosenow, No. 3:17-cr-3430 (S.D. Cal.) | फिलिपिन्स | विचाराधीन रहेको । |




## अनुसूची क
## संघीय फौजदारी मुद्दामा मात्र परिणत भएका अभियोजनहरू

| | मुद्दाको उद्धरण | दुर्व्यवहार भएको देश | जुन २०१८ सम्मको अवस्था |
|---|---|---|---|
| ४८. | U.S. v. Russell, No. 3:03-cr-03283 (S.D. Cal.) | फिलिपिन्स | ३७ महिनाका लागि कैद सजायसहित ३ वर्षको सुपरीवेक्षण । लागी निरिक्षणमा थुनामुक्त, जरिवाना स्वरूप अमेरिकी डलर १०० तिराउने आदेश । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ४९. | U.S. v. Sara, No. 1:17-cr-00054 (E.D. Va.) | फिलिपिन्स | १६८ महिनाका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ५०. | U.S. v. Schmidt, No. 1:04-cr-00052 (D. Md.) | फिलिपिन्स, कम्बोडिया | १५ वर्षका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ५१. | U.S. v. Seljan, No. 8:03-cr-00232 (C.D. Cal.) | फिलिपिन्स ( उद्योग) | २० वर्षका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । विशेष मुल्याकंन स्वरूप अमेरिकी डलर ६०० । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ५२. | U.S. v. Stokes, No. 6:12-cr-03091 (W.D. Mo.) | फिलिपिन्स | १२० वर्षका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ५३. | U.S. v. Williams, No. 2:13-cr-00302 (C.D. Cal.) | फिलिपिन्स | ६० महिनाका लागि कैद सजायसहित १० वषको सुपरीवेक्षण । सात नाबालिग पीडितहरूको पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर २५००० भुक्तानी गर्ने आदेश । |
| ५४. | U.S. v. Abramov, No. 2:14-cr-00241 (C.D. Cal.) | रुस | १५० वर्षका लागि कैद सजायसहित १० वषको सुपरीवेक्षण । विशेष मुल्याकंन स्वरूप अमेरिकी डलर ५००, अमेरिकी डलर २५,००० जरिवाना, र तीन जना पीडितहरूको पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर पुरा ८,०५५ भुक्तानी गर्ने आदेश (प्रति पीडित अमेरिकी डलर २,६८५) । |
| ५५. | U.S. v. Osmun, No. 3:12-cr-00142 (D. Conn.) | दक्षिण अफ्रिका | १५ वर्षका लागि कैद सजायसहित १० वषको सुपरीवेक्षण । पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर १०,००० भुक्तानी गर्ने आदेश। प्रारम्भिक भुक्तानी अमेरिकी डलर १०,००० को साथै सुपरीवेक्षणमा थुनामुक्त रहेको अवधिमा मासिक रूपमा आफनो कुल आयको १५ % रकम प्रतिवादीले क्षतिपुर्ति स्वरूप पीडितहरूका लागि भराउने आदेश । |




## अनुसूची क
## संघीय फौजदारी मुद्दामा मात्र परिणत भएका अभियोजनहरू

| | मुद्दाको उद्धरण | दुर्व्यवहार भएको देश | जुन २०१८ सम्मको अवस्था |
|---|---|---|---|
| ५६. | U.S. v. Al Maliki, No. 1:13-cr-00121 (N.D. Ohio) | सिरिया | २९२ महिनाका लागि कैद सजायसहित १० वर्षको सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ५७. | U.S. v. Burgess, No. 1:08-cr-00225 (S.D. Al.) | थाइल्याण्ड | प्रत्येक प्रतिवादीलाई ७८ महिनाका लागि कैद सजाय । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ५८. | U.S. v. Corliss, No. 2:08-cr-00807 (D.N.J.) | थाइल्याण्ड | २० वर्षका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । जरिवाना स्वरूप अमेरिकी डलर ५००० तिराउने आदेश । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ५९. | U.S. v. Evers, No. 1:16-cr-00040 (S.D. Ala.) | थाइल्याण्ड | २७ वर्षका लागि कैद सजायसहित आजीवन सुपरीवेक्षण । जरिवाना स्वरूप अमेरिकी डलर ५००० र पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर ५०००० भुक्तानी गर्ने आदेश । |
| ६०. | U.S. v. Shapiro, No. 2:15-cr-00224 (C.D. Cal.) | थाइल्याण्ड | १० वर्षका लागि कैद सजायसहित २० वर्षको सुपरीवेक्षण । विशेष मुल्यांकन स्वरूप अमेरिकी डलर २०० र पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर २०००० तिराउने आदेश । |
| ६१. | U.S. v. Wrenshall, No. 2:08-cr-00590 (D.N.J.) | थाइल्याण्ड | १८० महिनाका लागि कैद सजायसहित ३ वर्षको सुपरीवेक्षण । पुनर्व्यवस्थापन खर्च नदिएको । |
| ६२. | U.S. v. Bohning, No. 0:04-cr-60046 (S.D. Fla.) | संयुक्त अधिराज्य | २४० महिनाका लागि कैद सजाय, पुनर्व्यवस्थापनका लागि अमेरिकी डलर ४९५०, विशेष मुल्यांकन स्वरूप अमेरिकी डलर ४०० र जरिवाना स्वरूप अमेरिकी डलर १००,००० तिराउने आदेश । |
| ६३. | U.S. v. Park, No. 18-3017 (D.C. Cir.) | भियतनाम | संवैधानिक आधारमा अभियोग खारेज गरिदिन गरिएको प्रतिवादीको प्रस्ताव २/२८/०१८ मा स्वीकार । संयुक्त राज्य अमेरिकाद्वारा दायर भएको पुनरावेदन हाल मुल्तबी रहेको । |



## अनुसूची ख
## संघीय फौजदारी र देवानी दुवै मुद्दा गरिएका मुद्दाहरू

| | प्रतिवादी | दुर्व्यवहार भएको देश | फौजदारी मुद्दाको उद्धरण | जुन २०१८ सम्मका फौजदारी मुद्दाको परिणाम | देवानी मुद्दाको उद्धरण | जुन २०१८ सम्म देवानी मुद्दाको परिणाम |
|---|---|---|---|---|---|---|
| १ | ब्यान्ची | क्युबा, मोल्दोभा | U.S. v. Bianchi, No. 2:06-cr-00019 (E.D. Pa.) | २५ वर्षको कैद सजायसहित आजीवन सुपरीवेक्षण। ५०,००० डलर जरिवाना तिर्ने आदेश। पीडितका लागि ४७,९५१।२० डलरको पुनर्व्यवस्थापन र १००० डलर विशिष्ट निर्धारण। | Gusin v. Bianchi, 192 F. Supp. 3d 580 (E.D. Pa. 2016) | गोपनीय समाधान। |
| २ | पर्लिट्स | हाइटी | U.S. v. Perlitz, No. 09-cr-00207 (D. Conn.) | २३५ महिनाको कैद सजायसहित १२० महिनाको सुपरीवेक्षण। पीडितहरूको पुनर्व्यवस्थापनका लागि ४८,८७९।२९ डलर भुक्तानी गर्ने आदेश। | Jean-Charles v. Perlitz, No. 3:11-cv-00614 (D. Conn. Jan. 12, 2012) | २४ जना पीडितहरूका लागि १ करोड २० लाख रूपैयामा निरोपण |
| ३ | पर्लिट्स | हाइटी | U.S. v. Perlitz, No. 09-cr-00207 (D. Conn.) | २३५ महिनाको कैद सजायसहित १२० महिनाको सुपरीवेक्षण। पीडितहरूको पुनर्व्यवस्थापनका लागि ४८,८७९।२९ डलर भुक्तानी गर्ने आदेश। | Gervil v. Perlitz, No. 3:13-cv-01132 (D. Conn. Aug. 8, 2012) | विचाराधीन |
| ४ | स्नेइडर | रुस | U.S. v. Schneider, No. 2:10-cr-00029 (E.D. Pa.) | १८० महिनाको कैद सजायसहित तीन वर्षको सुपरीवेक्षण। पीडितहरूको पुनर्व्यवस्थापनका लागि ३५,००० डलर भुक्तानी गर्ने आदेश। | Zavarov v. Schneider, No. 2:08-cv-03805 (E.D. Pa.) | गोपनीय समाधान। |
| ५ | बर्डिमस | थाइल्याण्ड | U.S. v. Bredimus, No. 02-cr-00064 (N.D. Tex.) | ५३ महिनाको कैद सजायसहित तीन वर्षको सुपरीवेक्षण। ३०,००० डलर जरिवाना तिर्ने आदेश। | Boonma v. Bredimus, No. 05-0684 (N.D. Tex. July 29, 2005) | खारेज। |
| ६ | लोभास | थाइल्याण्ड मेक्सिको | U.S. v. Lovaas, No. 3:03-cr-00300 (N.D. Cal.) | ५३ महिनाको कैद सजायसहित तीन वर्षको सुपरीवेक्षण। | Roe v. Estate of Thomas White, No. 3:03-cv-04035 (N.D. Cal.) | गोपनीय समाधान। |



## अनुसूची ग
## संघीय देवानी मुद्दा मात्र गरिएका मुद्दाहरू

| | मुद्दाको उद्धरण | दुर्व्यवहार भएको देश | जुन २०१८ सम्मको अवस्था |
|---|---|---|---|
| १ | Doe v. Liberatore, 478 F. Supp. 2d 742 (M.D. Pa. 2007)[38] | बेल्जियम | ३,०००,००० डलरमा समाधान |
| २ | Vang v. Prataya, No. 12-cv-1847 (D. Minn. 2012) | लाओस | वादीको पक्षमा जुरीको ठहर र निर्णय ९५०,००० डलर |
| ३ | Martinez v. White, 492 F. Supp. 2d 1186 (N.D. Cal. 2007) | मेक्सिको | खारेज |
| ४ | Trujillo v. White, No. 3:06-cv-2322 (N.D. Cal. 2006) | मेक्सिको | खारेज |
| ५ | Doe v. Singer, No. 14-cv-03530 (C.D. Cal. 2014) | संयुक्त अधिराज्य | खारेज (स्वेच्छिक) |

[38] The defendant was subject to a related criminal indictment in the state of New York. The defendant pled guilty to attempted sexual abuse stemming from the case and was sentenced to ten years of probation.

The Human Trafficking LEGAL CENTER

HTLEGALCENTER.ORG

ROPES & GRAY

ROPESGRAY.COM